दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ७० | बुटवल | २०८२ फागुन २६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday March 10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रूपन्देहीका १२ उम्मेदवारले मात्र जोगाए जमानत




भैरहवा । बिहीबार भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा होमिएका उम्मेदवारमध्ये अधिकांशको जमानत जफत भएको छ।

५ पदका लागि भएको निर्वाचनमा ९२ जना दलिय र ६३ जना स्वतन्त्र गरी कुल १ सय ५५ जना उम्मेदवार रहेकोमा विजयी ५ सहित अन्य ७ जना उम्मेदवारको मात्र जमानत जोगिएको छ।

कुल सदर मतको १० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नेको जमानत जोगिने र कम मत प्राप्त गर्नेको जमानत जफत हुने व्यवस्था छ।

रुपन्देही १ मा ३१ जना उम्मेदवार रहेकोमा निर्वाचित सुनिल लम्साल र हिराबहादुर खत्रीबाहेक अन्य २९ जनाको जमानत जफत भएको छ।

क्षेत्र नम्बर २ मा ३९ जना उम्मेदवार रहेकोमा निर्वाचित सुलभ खरेल, विष्णुप्रसाद पौडेल र चुन्नप्रसाद शर्मा बाहेक अन्य ३६ जनाको जमानत जफत भएको छ।

क्षेत्र नम्बर ३ मा ३६ जना उम्मेदवार रहेकोमा निर्वाचित डा.लेखजंग थापा बाहेक ३५ जना सबैको जमानत जफत भएको छ।

क्षेत्र नम्बर ४ मा २२ जना उम्मेदवार रहेकोमा निर्वाचित कन्हैया बनियाँ, प्रमोदकुमार यादव र आशुतोष मिश्र बाहेक बाँकी १९ जनाको जमानत जफत भएको छ।

क्षेत्र नम्बर ५ मा २७ जना उम्मेदवार रहेकोमा निर्वाचित तौफिक अहमद खान, खिमलाल भट्टराई र भरतकुमार शाह बाहेक बाँकी २४ जनाको जमानत जफत भएको छ।

## कार्की आयोगको प्रतिवेदन २४ घण्टाभित्र सार्वजनिक गर्न अल्टिमेटम



बुटवल । 'जेन-जी अलायन्स फर मोनार्की' ले जेनजी घटना जाँचबुझ आयोगको पूर्ण प्रतिवेदन तत्काल सार्वजनिक गर्न सरकारलाई २४ घण्टे अल्टिमेटम दिएको छ।

एक प्रेस विज्ञप्ति जारी गर्दै अलायन्सले प्रतिवेदन सरकारको हातमा पुगिसकेकाले अब कुनै बहाना नगरी २४ घण्टाभित्र नेपाली जनतासमक्ष सार्वजनिक गर्न माग गरेको छ।

'हामीले कुनै पनि त्यस्तो संस्करण स्वीकार गर्ने छैनौँ जुन सम्पादन, संक्षेपण वा राजनीतिक स्वार्थअनुकूल परिवर्तन गरिएको होस् ।'- अलायन्सका प्रवक्ता सनातम रिजालद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ।

सरकारले २४ घण्टाभित्र प्रतिवेदन सार्वजनिक नगरे वा छेडछाड गरी अपूर्ण संस्करण प्रस्तुत गरे देश थप अन्योल र अराजकताको बाटोमा मोडिने जेन-जी जेन-जी अलायन्स फर मोनार्कीको चेतावनी छ।

# एमालेमा सुरु भयो नेतृत्व पुनर्गठनको बहस

**नेता गोकुल बास्कोटाले एमालेलाई अहिलेको अकल्पनीय पराजयको प्रतिकूल समयले पनि नसुधारे डाइनोसर बन्ने भन्दै व्यङ्ग्यात्मक चेतावनी दिएका छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



प्रतिनिधिसभा निर्वाचनमा नमीठो पराजय व्यहोरेसँगै नेकपा एमालेमा नेतृत्व परिवर्तनको वहस सुरु सुरु भएको छ।

महाधिवेशनमा पराजित पक्षले नभई ओलीलाई महाधिवेशनमा जिताउने नेताहरूले नै नेतृत्व परिवर्तनको अग्रसरता लिएका छन् । यद्यपि कतिपय नेताले समानुपातिकतर्फको अन्तिम परिणाम नआउँदै अहिले नै वहस गर्ने बेला नभएको बताएका छन् । तर ओलीले नेतृत्वबाट बिदा लिनुपर्छ भन्ने आवाज बलियो बन्दै गएको छ।

यसले एमालेमा अब ओलीलाई कार्यकारी नेतृत्वबाट बिदा गराउने प्रक्रिया अघि बढ्ने देखिएको छ। ओलीनिकटकै नेता प्रदीप ज्ञवालीले पनि आवश्यकता परे नेतृत्व परिवर्तन गर्नेतर्फ जाने बीबीसीसँगको कुराकानीमा प्रतिक्रिया दिइसकेका छन्।

नेकपा एमालेका उपाध्यक्ष पृथ्वीसुब्वा गुरुङले चुनावको पराजयबारे समीक्षा गरेर अघि बढ्नुपर्ने प्रतिक्रिया दिएका छन् । पार्टीले केही केही कुरामा आफ्नो आत्मसमीक्षा गर्नुपर्ने र अब आफ्नो कार्यशैली सच्याउनुपर्ने उनले बताए।

उनले थपे-'नीतिगत केही केही सुधार र संशोधनका कुराहरू छन्। जे होस् पार्टी अब बदलिएर, सच्चिएर अगाडि बढ्नुपर्छ भन्ने यो निर्वाचनले हामीलाई सिकाएको छ।'

एमाले नेतृ निवर्तमान केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले यो तहको क्षतिको जिम्मा पार्टी नेतृत्वले मात्र होइन, नेतृत्वको भक्तिगान गाउनेहरूले लिनुपर्ने ठम्याइ छ। सत्ता र शक्तिको उन्मादमा जनता र कार्यकर्ताबाट टाढिँदै-टाढिँदै फर्कनै नसक्ने ठाउँमा पुग्नुको परिणाम अहिले एमालेले भोगिरहेको उनले बताइन्।

एमालेले पाएको यस किसिमको ठक्कर प्राकृतिक नै लागेको बताउँदै तिम्सेनाले भन्छिन्-'जतिबेलादेखि हामीले पैसालाई, शक्तिलाई प्राथमिकता दिन थाल्यौं, त्यतिबेलादेखि हामीले बाटो बिराउँदै गयौं। म त विगत १२ वर्षदेखि कमरेड केपी ओली अध्यक्ष भएदेखि बाटो बिराउन थाल्यौँ भन्छु। हामीले बहुमत जनताको मनोभावना नबुझी आफ्नै ढिपी, घमण्ड, अहंकार जोत्दै जोत्दै आयौं । अनि अहिले आएर यो तहको ठक्कर खायौं।'

केपी शर्मा ओली नेतृत्वमा आएपछि नै एमालेमा संकटको जग तयार हुँदै गएको उनको विश्लेषण छ। एमालेभित्र शक्ति, सत्ता र पद प्राप्तिको आकांक्षाले साँचो कुरा नबोल्ने परिपाटीको विकास हुँदा सिँगै पार्टी डि-पोलिटिसाइज हुँदै गएको तिम्सेना बताउँछिन्।

'तथापि अहिले पनि हामी शून्यतामा पुगिसकेको छैन। हाम्रो जनमत, हाम्रो सङ्गठन बाँकी छ। अब जनताको एजेन्डातिर फर्कनुपर्छ। यसले मेरो कुरा गर्दैछ भनेर जनतालाई हमसुस गराउन सक्नुपर्छ। यसपछि मात्र एमालेको पुनर्गठन हुन्छ,' एमालेको पुनर्संरचनाबारे भन्छिन्-'अहिलेको नेतृत्वले एमालेको पुनर्संरचना हुन्छ वा एमालेको पुनर्गठन हुन्छ भन्ने कुरा सम्भव छैन। एमालेलाई फेरि जनतामाझ लाने हो भने पार्टीभित्र 'आजसम्मको तरीकाले हुन्न' भनेर आवाज उठाउँदै आएको कुनै नेतालाई संयोजक मानेर जानुपर्छ । आजसम्म कमरेड ओलीको विकल्प छैन, कमरेड ओली नभई हुँदैन, अमरेड ओली नायक हो भन्नेहरु जो जो छन्, तिनीहरुले बिदा लिनुपर्छ।'

अहिले रास्वपाले प्राप्त गरेको जनमतलाई चाहिँ पुराना दलहरुले पटकपटक अवसर पाउँदा पनि जनताको पक्षमा काम नगर्नुको परिणाम रहेको बताउँछिन्। भन्छिन्-'जसरी एमाले, कांग्रेसले सत्ता साझेदारी गरेर सत्तालाई आफ्नो प्रतिष्ठा र पैसासँग जोडेर भ्रष्टाचारबिना चल्दै नचल्ने बनाए, त्यसैको परिणाम हो यो।'

उपाध्यक्ष विष्णु पौडेलले पनि केही पदाधिकारीसहित एमालेका नेताहरुसँग नीतिहरूको पुनः व्यवस्थापन, नेतृत्व परिवर्तन, कार्यशैली र संगठनको पुनर्गठनको आवश्यकताका बारेमा अनौपचारिक छलफल समेत गरेका छन्। महासचिव शंकर पोखरेल, सचिवहरू भानुभक्त ढकाल, महेश बस्नेत, डा. राजन भट्टराईबाहेक सबै पदाधिकारी एक ठाउँमा उभिने सम्भावना रहेको स्रोतले जनाएको छ।

पौडेलसँग छलफल गरेका एक एमाले पदाधिकारीले भने- 'अहिले नेतृत्व परिवर्तन र समग्र पार्टी पुनर्गठनको कुरा ईश्वर पोखरेल पक्षले होइन, ओली पक्षबाटै उठेको छ भनेर बुझ्नुपर्छ। त्यसको अगुवाइ विष्णु पौडेलले गर्नुको अर्थ बहुमत पदाधिकारी र केन्द्रीय कमिटी त्यहाँ हुनेछ। नैतिकरूपमा ओली कमरेडले पार्टीको शर्मनाक हार र सिंगो आन्दोलनको भविष्यलाई हेरेर राजीनामा दिनुभयो भने पार्टीले उहाँको सम्मान र संरक्षण गर्नेछ। नत्र अब एमालेमा नीतिको पुनःव्यवस्थापन र नेतृत्व परिवर्तनको प्रक्रिया प्रभावकारी ढंगले अघि बढ्ने भयो।'

पार्टीका संरचनाहरू कब्जा गर्ने, तर जनताको ठूलो पङ्क्तिले के चाहेको छ भन्ने नबुझ्दा यो अवस्था आएकाले अब नेतृत्वको पूरै पङ्क्ति नै बिदा हुनुपरे पनि त्यसका लागि तयार रहने गरी एमालेमा अबको बहस अघि बढ्ने देखिएको छ। यसबिचमा नीतिगत विषय र पार्टीका निर्णय तथा नेतृत्वको कार्यशैलीमा भएका गम्भीर गल्तीहरूको पहिचान र समीक्षासहित व्यवस्थित डकुमेन्ट समेत तयार भइरहेको र त्यो पार्टीमा छलफलका लागि तलैसम्म प्रक्रियागतरुपमा लैजाने तयारी भएको एमाले स्रोतले जनाएको छ। कहाँ कहाँ गल्ती भयो र यसमा को जिम्मेवार थियो भन्ने तहबाटै डकुमेन्ट तयार हुने स्रोतले जनाएको छ।

सकेसम्म ओलीलाई राजीनामा गराउन बहुमत पदाधिकारी र शीर्ष तहका नेताहरूले सामूहिक आग्रह गर्नेबारे पनि छलफल भइरहेको छ। ७० वर्षे उमेरहद र २ कार्यकालको प्रावधान हटाउने निर्णय एमालेको जीवनका लागि गम्भीर गल्ती भएकाले सोही ठाउँमा फर्किने पहिलो प्रस्थानविन्दु हुनसक्ने देखिन्छ।

एमालेले यो चुनाव केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएरै लडेको थियो । जबकी प्रधानमन्त्रीका उम्मेदवार ओली न त निर्वाचन क्षेत्रभन्दा बाहिर कतै सभामा भाषण गर्न बोलाइए न त कुनै उम्मेदवारले ओलीको फोटो राखेर प्रचारप्रसार नै गरे।

टिकट वितरणमा एकल निर्णय गरेका ओलीले कतिपय लोकप्रिय नेतालाई महाधिवशेनमा अर्को प्यानलमा उठेका कारण उम्मेदवार बन्नबाट वञ्चित गरेका थिए। उनीहरुले चुनाव नजित्ने भएकाले टिकट नदिएको भन्दै सार्वजनिकरूपमा हुर्मत लिने काम समेत ओलीबाटै भएको थियो।

एमालेका एक पदाधिकारीले भने- 'यो चुनावबाट आउने परिणामको जस वा अपजस दुवैको एकल भागेदार ओली हुने भनिएकै थियो । उहाँले म कमाण्डर हो यो लडाइँमा जितहारको जिम्मा म लिन्छु भनेर टिकट बाँडेपछि त्यसको सबै जिम्मेवारी पनि लिनुपर्छ। माधव नेपालको नजिर समेत हेरेर उहाँले अब राजीनामा दिनुभयो भने पार्टी र स्वयं ओली कमरेडको लागि हितकर हुन्छ, नत्र प्रक्रियामा गएर नीति र नेतृत्वको पुनर्गठन हुनेछ।'

पार्टीका संरचनाहरू कब्जा गर्ने, तर जनताको ठूलो पङ्क्तिले के चाहेको छ भन्ने नबुझ्दा यो अवस्था आएकाले अब नेतृत्वको पूरै पङ्क्ति नै बिदा हुनुपरे पनि त्यसका लागि तयार रहने गरी एमालेमा अबको बहस अघि बढ्ने देखिएको छ। विष्णु पौडेलकै अगुवाइमा नेतृत्वको परिवर्तन र नीति तथा संगठन पुनर्गठनको अभियान चलेका कारण एमालेको अध्यक्षबाट ओलीको बहिर्गमनको बहसले विधिवत प्रक्रिया लिने देखिएको एक नेताले बताए।

एमालेको विधानअनुसार ठोस कार्यसूची र उचित कारण देखाएर बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखितरूपमा माग गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्ने उल्लेख छ।

» बाँकी ३ पेजमा

# रूपन्देहीमा समानुपातिक मत कसको कति ?

राष्ट्रिय स्वतन्त्र पार्टी | नेपाली कांग्रेस | नेकपा (एमाले)

नेकपा | श्रम संस्कृति पार्टी | राष्ट्रिय प्रजातन्त्र पार्टी

**मोहम्मद हबिब**

*भैरहवा*

प्रत्यक्षतर्फ रास्वपाले क्लीन स्वीप गरेको रूपन्देहीमा समानुपातिकतर्फ पनि प्रत्यक्षभन्दा बढी मत प्राप्त गरेको छ।

६ लाख ७२ हजार ५ सय २३ मतदाता रहेको रुपन्देहीमा बिहीबार भएको प्रतिनिधिसभा निर्वाचनमा ६५ दशमलव ४२ प्रतिशत अर्थात् ४ लाख ३९ हजार ९ सय ७६ जनाले मतदान गरेका थिए।

५ वटा निर्वाचन क्षेत्र रहेको रुपन्देहीको प्रत्यक्षतर्फ सबै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले जित निकालेको हो। जिल्लाको प्रतिनिधिसभा निर्वाचन २०८२ को समानुपातिकतर्फको मतगणनाअनुसार रास्वपा एक्लैले २ लाख ४२ हजार ४ सय २ मत प्राप्त गरी पहिलो स्थान बनाएको छ। जुन प्रत्यक्षभन्दा ५ हजार ३ सय २१ मत बढी हो। यो हालसम्म गणना भएको कुल मतको ५५ प्रतिशत हो। प्रत्यक्षतर्फ रास्वपाले ५ वटै क्षेत्रबाट २ लाख ३७ हजार ८१ मत पाएको छ।

दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले ५१ हजार ९४९ मत अर्थात् ११ दशमलव ८ प्रतिशत मत पाएको छ। अघिल्लो निर्वाचन २०७९ मा समानुपातिकमा पहिलो दल बनेको नेकपा एमाले भने अहिले ५१ हजार ९४९ मत अर्थात् ११ दशमलव ७ प्रतिशत मतसहित तेस्रो स्थानमा खुम्चिएको छ।

चौथो स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले २८ हजार ३१२ मत अर्थात् ६ दशमलव ४ प्रतिशत मत पाएको छ। नेपाली कम्युनिष्ट पार्टीले ११ हजार ३४८ मत अर्थात् २ दशमलव ५ प्रतिशत मत पाएको छ। यस्तै रुपन्देहीबाट श्रम संस्कृति पार्टीले ८ हजार ३५६ मत, जनमत पार्टीले ७ हजार २६३ मत, जसपा नेपालले ६ हजार २६३ मत, नागरिक उन्मुक्ति पार्टीले ३ हजार ५५ मत ल्याएको छ। समानुपातिकतर्फको मतपरिणाम हेर्दा अघिल्लो निर्वाचनमा राष्ट्रिय दल बनेका दलहरूको अवस्था यसपटक दयनीय देखिएको छ।

प्रतिनिधिसभा निर्वाचन २०८२ को समानुपातिकतर्फको मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले देशव्यापी रूपमा अग्रता कायम राखेको छ। निर्वाचन आयोगको पछिल्लो तथ्यांकअनुसार समानुपातिकतर्फ जम्मा ९३ लाख ५१ हजार १२५ मत गणना हुँदा रास्वपा एक्लैले ४५ लाखभन्दा बढी मत प्राप्त गरेको छ। प्रारम्भिक मतपरिणाम हेर्दा यसपटक संसद्मा ३ प्रतिशत मत थ्रेसहोल्ड कटाएर राष्ट्रिय दलको मान्यता पाउने पार्टीको संख्या ६ वटा हुने देखिएको छ।

निर्वाचन आयोगको पछिल्लो अपडेटअनुसार रास्वपाले ४५ लाख १५ हजार २१९ मत पाएर पहिलो स्थान बनाएको छ। यो हालसम्म गणना भएको कुल मतको ४८ प्रतिशतभन्दा बढी हो।

दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले १५ लाख १३ हजार २३० मत अर्थात् १६ प्रतिशत मत पाएको छ। अघिल्लो निर्वाचन २०७९ मा २८ लाख मतसहित समानुपातिकमा पहिलो दल बनेको नेकपा एमाले भने अहिले १२ लाख ६६ हजार १७४ मत अर्थात् १३ प्रतिशत मतसहित तेस्रो स्थानमा खुम्चिएको छ।

चौथो स्थानमा रहेको नेपाली कम्युनिष्ट पार्टीले ६ लाख ७९ हजार ६५३ मत अर्थात् ७ प्रतिशत मत पाएको छ। पाँचौ स्थानमा रहेको श्रम संस्कृति पार्टीले ३ लाख २३ हजार ३३० मत अर्थात् ३ प्रतिशत मत पाएको छ। छैठो स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले २ लाख ९९ हजार ९६१ मत अर्थात् ३ प्रतिशत मत पाएको छ।

» बाँकी ३ पेजमा




२०८२ फागुन २६, गते मंगलबार
Tuesday March 10, 2026

दैनिक लुम्बिनी

# सम्पादकीय

## गम्भीर आत्मसमीक्षा गर

जेनजी आन्दोलन र विध्वंशपछि उत्पन्न असमान्य परिस्थितिमा भएको चुनावमा मूलधारका राजनैतिक दल कांग्रेस, एमाले र नेकपालगायतका दललाई नराम्रो झड्का लागेको छ । तीन वर्षअघि स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा देशभर लहर आएको छ, रास्वपाको अनुमानभन्दा पनि बढी सिट जितेर सत्ताको चावी हातमा लिने विन्दुमा पुगेको छ। अहिलेसम्मको गणनामा रास्वपा दुई तिहाईको नजिक पुगेको छ । समानुपातिकको गणना भइरहेको र अहिलेसम्म उसले ४८ प्रतिशत मत पाएको छ, बाँकी गणनामा अहिलेकै ढंगले मत आयो भने दुई तिहाई पुग्ने देखिन्छ।

यो चुनावले केही सन्देश दिएको छ, पहिलो सन्देश भनेको मतदाता कुनै दलप्रति निरन्तर लगाव राख्छन् भन्ने छैन। सूचना प्रविधिको विस्तार र पहुँचले उनीहरुको इच्छा आकांक्षा र बुझाइ बदलिएका छन् । बदलिँदो परिस्थितिमा दलहरुले आफूलाई चुस्त बनाउन सक्नुपर्छ । समाजमा नागरिकले के खोजीरहेका छन् ? उनीहरुका चाहना पूरा गर्न कहाँ चुक भयो ? भन्ने खोज्न पूराना दललाई राम्ररी सम्झाएको छ । रास्वपाले पाएको मत उसको नीति र विचारका आधारमा नभई नागरिकमा बढेको निराशा र पूराना दलप्रतिको आक्रोश मतमा बदलिएको हो । मतको निर्वाचन क्षेत्रगत विश्लेषण गर्दा धेरै ठाउँमा ती पार्टीका सदस्यले पनि रास्वपाको चुनाव चिन्हमा मतदाना गरेको पाइयो । रूपन्देहीको सेमलार र टिकुलीगढको दुई बुथमा कांग्रेसको शून्य मत पऱ्यो । यसको अर्थ हो, त्यहाँ बुथ प्रतिनिधिले समेत मतदान गरेनन् । कांग्रेसको चुनाव चिन्हमा नदिएर अन्यत्र दिए । पार्टी सदस्य र कार्यकर्ताले समेत अन्यत्र मतदान गर्ने अवस्था किन आयो ? मतदाताको मत बदलिनु जति स्वभाविक हुन्छ, पार्टी सदस्यता कायमै राख्दै मत बदलिनु अस्वभाविक छ, यो बारेमा दलहरुले गम्भीर आत्मसमीक्षा गरून् । राज्य सञ्चालनमा भएको चुककै कारण नागरिक असन्तुष्ट भए । नागरिकको चुलिंदो असन्तुष्टिलाई मत्थर पार्ने पहलकदमी पर्याप्त नहुँदा जेनजी सडकमा आउने परिस्थिति बन्यो । यद्यपी यो आन्दोलनलाई सघाउ गर्ने अन्य बाह्य कारण पनि हुनसक्छन्, तर मूल कारण आन्तरिक हो । राजनैतिक दलका नेता जनताका सेवक नभएर शासक हुने र कार्यकर्ता विचौलिया बन्ने प्रवृत्ति मौलाउँदै जाँदा नागरिक र दलको सम्बन्ध टुट्दै जान्छ । अहिले कांग्रेस, एमाले र माओवादीले जे भोगिरहेका छन्, त्यो भोगाई अन्ततः रास्वपामा पनि लागु हुन्छ, उसको कार्यशैली, आचरण र व्यवहारमा सुधार आएन् भने ।

सामाजिक सञ्जालमा सधैँ 'साइबर अट्याक' गरेर मात्रै राजनीति चलिरहन्छ भन्ने भ्रम नपालेर समस्याको पहिचान र समाधानको इमान्दार प्रयत्न गर्दा मात्रै मतदाताले गरेको विश्वास कायम रहन सक्छ। अझै अन्तिम परिणाम आएको छैन, अहिलेसम्मको परिणामअनुसार प्रत्यक्षमा रास्वपाले १ सय २५ सीट जितेको छ, कांग्रेसले १८, एमालेले ९ र नेकपाले ७ सीट जितेका छन् । समानुपातिकमा रास्वपाको ४८ प्रतिशत, कांग्रेसको १६ प्रतिशत, एमालेको १३ प्रतिशत, नेकपाको ७ प्रतिशत मत आएको छ । श्रमसंस्कृति पार्टी र राप्रपाले ३ प्रतिशत कटाएका छन् । जित्नेहरु हौसिएर सत्ता उन्मादमा रम्ने र हार्नेहरु निराश हुने हो भने लोकतन्त्रले सही लय समात्न सक्तैन् । जित्नेहरु जिम्मेवार बन्दै अघि बढ्ने र हार्नेहरुले गम्भीर आत्मसमीक्षा गरी जनताको घरदैलोमा जाने हो भने लोकतान्त्रिक व्यवस्था जीवन्त रहन्छ । जित्नेहरु उन्माद बढ्ने र हार्नेहरु निराश हुने प्रवृत्तिले लोकतान्त्रिक प्रक्रिया अवरुद्ध हुन्छ, त्यसबेला अर्को कुनै शक्तिको उदय हुनसक्छ, त्यो नेपाली समाजका लागि झनै कष्टकर बन्नसक्छ ।

# निर्वाचनले दिएको सन्देश



टंक पन्त

> अत्यावश्यकबाहेक खर्च नगर्ने गरी जनताको सेवामा तल्लीन हुने काम हुने अपेक्षा र विश्वास आम नागरिकहरूको रहेको छ । त्यो विश्वास व्यवहारमा परिणत हुन सकोस् । यो जनमतको म्यान्डेट हो । साथै निर्वाचनलाई ऐतिहासिक बनाउने सुशीला कार्की नेतृत्वको सरकार, सिंगो सुरक्षा निकाय र तिनका कमान्डरहरु, ब्यूरोक्रेसी एवं निर्वाचन आयोगप्रति स्यालुटसहित बधाई !

देशमा सुशासन कायम गर्ने र भ्रष्टाचार अन्त्य गर्ने, न्यायालयलगायत संवैधानिक निकायमा भइरहेको राजनीतीकरणलाई अन्त्य गर्ने, दलीय भागवण्डामा शासन चलाउने प्रथाको अन्त्य गर्ने, स्वास्थ्य र शिक्षा क्षेत्रमा भइरहेको व्यापारीकरण अन्त्य गर्ने, सांसदको टिकट किनबेचको प्रथा अन्त्य गर्ने, सत्तामा जान सेवाका लागि नभएर आफ्नो र पार्टीको स्वार्थका लागि हानथाप गर्ने प्रवृत्तिको अन्त्य गर्ने, आफ्नो क्षेत्रमा मात्र देशको बजेट केन्द्रित गर्ने परम्पराको अन्त्य गर्ने र देशमा सुशासन कायम गर्ने कुरामा विगतमा बेवास्ता हुँदै आएको थियो । त्यसै गरी सेवा प्रवाहलाई छिटोछरितो बनाउने, सांसद कानुन बनाउनका लागि हो भन्ने कुरालाई आत्मसात् गरी व्यवहारमा लागू गर्ने, लुटतन्त्रमा परिणत भएको संघीयताको मोडेल परिवर्तन गर्ने, संविधानबमोजिम समयमा बनाउनुपर्ने कानुन बनाएर देशलाई विधिको शासनमा परिणत गर्नेजस्ता अहं विषयलाई पटक-पटक सत्तामा जाँदा पनि पूर्णतः बेवास्ता गरेकै कारण निरासाले सीमा काटेपछि जेनजी विद्रोह भयो । जेनजी विद्रोहकै कारण सेनाको हेलिकोप्टरको पुच्छर समाती भागेर ज्यान जोगाउँदा पनि नचेतेका राजनीतिक दल र नेताहरुलाई यही फागुन २१ गते एकै चरणमा शान्तिपूर्णरुपमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनले थला पर्ने गरी दण्डित गरेको छ।

जनताले यसपटक अहं घमण्ड, दम्भ र कुशासनको पहाडलाई छियाछिया हुने गरी भत्काएका छन् । कुशासन र भ्रष्टाचार अन्त्य गर्ने, ०४६ पछि सत्तामा गएर तर मारेका नेता, संवैधानिक निकाय, ब्यूरोक्र्याट एवं अन्य सरकारी ओहदामा बसेकालाई आफ्नो चंगुलमा पारेर स्वार्थसिद्ध गरेका बिचौलियालाई कारबाही गर्ने, भ्रष्टहरुको सम्पत्ति छानबिन गरी कारबाही गर्ने, स्वदेशमा रोजगार सिर्जना गरी विदेश जान बाध्य नपारौँ भन्ने उद्देश्यका साथ भएको जेनजी विद्रोहमाथि गोली ठोकेर हत्या गर्नेहरुले त्यसको सामान्य रियालाइजेसन गर्नेभन्दा पनि विद्रोहको खिसिटिउरी गर्ने, यी केटाकेटीहरुको हुलहुज्जतबाट सुशीला कार्कीको नेतृत्वको सरकार बनेको भनी नागरिक सरकारको खिल्ली उडाउने, आफू सत्ताबाट हट्नुपरेको पीडा पोख्ने क्रममा गृहमन्त्रीलगायतलाई बाबु केटाकेटी भन्नेलाई पनि निर्वाचनले राम्ररी झापड दिएको छ। ब्यालेट बक्समा मत जाहेर गरेर जनताले झापड दिएका छन्, तर कानुनी झापड दिन भने बाँकी नै छ । नेपाली जनतालाई कमजोर ठानेर हेप्ने, पार्टीमा पनि आफ्नोभन्दा फरक विचार राख्नेलाई पार्टीमा बस्न नदिने गरी वातावरण बनाउने मात्र होइन कि पार्टीबाटै उछिट्याउनेजस्ता काम जसरी गरियो, संवैधानिक निकायको जसरी दुरुपयोग गरियो, त्यसको प्रतिफल निर्वाचन परिणामले दिएको छ।

आफूलाई मन परेन भने सरकारी संयन्त्रसमेतको दुरुपयोग गरी महानगरपालिकामा निर्वाचित मेयरलाई काम गर्न नदिने गरी सिंगो पार्टीका नेता-कार्यकर्ता परिचालन गर्ने, पार्टी सभापति र उपप्रधानमन्त्री एवं गृहमन्त्री भइसकेका व्यक्तिलाई उज्यालो हुन पनि नदिई सुतिरहेको अवस्थामा उठाएर रातारात हिँडाउने, मुद्दा चलाउने नाममा देशव्यापी घुमाउनेजस्ता क्रियाकलापकै कारण रास्वपाको क्रेज बढाउन सहयोग गरेको कुरा कसैसँग छिपेको छैन। गठबन्धन र समीकरणका नाममा मिलिजुली खाने प्रथाको अन्त्य, भ्रष्टाचार अन्त्य, सुशासन कायम गर्न एकमना सरकार बनोस् र निर्धक्कसँग जनताको काम हुन सकोस् भनी जनताले रास्वपालाई शानदार अभिमत दिएका छन् । त्यो अभिमतको कदर गरेर रास्वपा अगाडि बढ्ने महान् अवसर पैदा भएको छ । त्यसको प्रयोग कानुन, नियमभित्र रहेर खरोरुपमा उत्रिन रास्वपा सकोस् भन्ने आम नागरिकको चाहना रहेको छ । मतदान गर्दा नै त्यो चाहना खुलारुपमा मतदाताले भनेका थिए।

त्यसैले त शानदार बहुमतसहितको मत जाहेर भएको छ। पटकपटक प्रधानमन्त्री हुँदा पनि जनताको पक्षमा काम नगर्ने, उल्टै उम्मेदवार हुन पाउने अधिकार प्रयोग गरी निर्वाचनपछि प्रधानमन्त्री हुने घोषणासहित झापा पुग्दा प्रतिस्पर्धीमाथि गरिएको व्यवहार र उडाउने काम जसरी एमाले अध्यक्ष केपी शर्मा ओलीले गरे, जसले गर्दा उनले आफ्नो मत मात्र घटाएनन्, उनकै घमण्डको उर्लंदो बोली र उखान टुक्काले बलियो संगठन रहेको पार्टीलाई नै लाजमर्दो अवस्थामा पुऱ्याए । हुन पनि दुई तिहाइको कम्युनिस्ट सरकारलाई उनैले धुजाधुजा पारे, दुई-दुईपटक संसद् विघटन गरे, कांग्रेस-एमाले मिलेर आफ्नो स्वार्थका लागि पुनः उनैको नेतृत्वमा सरकार बनाउँदा पनि देशमा निरासाको भाष्यले ठूलो विद्रोह मात्र होइन, इतिहासमै नभएको क्षति गरायो। यस्तो हुँदै छ भन्ने थाहा पनि पाउन सकेनन् । आफैं सत्तामा बस्ने अनि ठूलो ग्राइन डिजाइन रहेछ भन्ने ? त्यो कुरा त सत्तामा सम्पूर्ण डाडु-पन्यू लिएर बसेकाले थाहा पाउनुपर्दैन ? अनि विदेशी चलखेल भयो भन्न लाज नमान्ने ? पार्टीमा रहेका जिम्मेवार नेताले त्यो अहं घमण्डलाई टुलुटुलु हेरेर मात्र बसेनन्, उनैको झोले बन्न पुगे, जसले गर्दा पार्टीले निर्वाचनमा यो हदसम्मको हार व्यहोर्नुपऱ्यो । त्यति मात्र कहाँ हो र ? नेपाली कांग्रेसले पार्टीलाई पुनर्ताजगी बनाउन गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा भएको ऐतिहासिक परिवर्तनमाथि ओलीले खिल्ली उडाउने कामसमेत गरे । आज गगन थापा र विश्वप्रकाश शर्मासहितका नेताहरुले त्यो आँट नगरेको भए अहिलेको यो निर्वाचनमा अझ बढी सर्वनाश अवस्था व्योर्नुपर्ने निश्चित थियो । तर झन्डै ४० वर्षदेखि प्रायः सत्ताबाहिर नभएको कारण नेपाली कांग्रेसलाई निर्वाचनले नराम्रोसँग झापड दिएको छ । प्रचण्डको नेतृत्वमा रहेको नेपाली कम्युनिस्ट पार्टीले पनि जनयुद्धपछि भएको निर्वाचनमा ठूलो अवसर पाएको थियो, तर त्यो पार्टी र त्यसका धेरै नेताहरुले जनयुद्धमा उठाएका मुद्दा, सवाल र त्यस बेला पाएको दुःख र संघर्षलाई बिर्सेर जसरी आफू र आफ्ना लागि स्वार्थमा केन्द्रित भएर कमाउ र खाऊ भन्ने कुरामा केन्द्रित भई सत्ताका लागि जसो पनि गर्ने काममा लिप्त भए, जसको कारण अहिले सम्पन्न निर्वाचनले झापड मात्र दिएको छैन, राम्रैसँग सबक सिकाएको छ । मधेस केन्द्रित दलको कुरा पनि त्यही हो । मधेस केन्द्रित दल र नेताहरु पनि सत्ता स्वार्थमा केन्द्रित भए ।

यसपटक जनताले निर्वाचनमार्फत् ऐतिहासिक परिणाम दिएका छन् । त्यसको सदुपयोग गरेर अगाडि जान सकेमा केही न केही अवश्य हुनेछ । भ्रष्टाचारको अन्त्य, सुशासन कायम, समृद्धि र स्थायित्व प्रदान, शिक्षा र स्वास्थ्यमा भइरहेको व्यापारीकरणको अन्त्य, संवैधानिक निकाय र ब्यूरोक्रेसीलाई राजनीतिबाट मुक्त, कर्मचारी क्षेत्रमा रहेका राजनीतिक संगठन खारेज, संविधान संशोधन गरी लुटतन्त्रमा परिणत भएको संघीयताको मोडेल परिवर्तन आदि गर्ने र आम जनता अनि जेननी विद्रोहले उठाएका विषयलाई समय तोकेरै यो-यो गरिनेछ भनी सम्बोधन भएमा अवश्य पनि मुलुकमा स्थायित्व हुनेछ, मुलुक सिस्टममा जानेछ । मुलुकलाई सिस्टममा लगी दण्डहीनताको अन्त्य हुनासाथ धेरै कुरा स्वतः हुँदै जानेछन् । यदि जनताले ब्यालेट बक्समा देशको अनुहार फेर्ने गरी दिएको मतलाई ख्याल गरिएन भने धेरै समय टिकाउ हुनेछैन भन्ने कुरा नयाँ शक्तिले बुझ्ने नै छ ।

जनताको चाहनाअनुसार मुलुकलाई सिस्टममा लैजानका लागि थरीथरी विचार भएका पार्टीका नेता र नवनिर्वाचित व्यक्तिहरुको एकता जरुरी पर्नेछ । देशका लागि केही गरेर देखाऊँ भन्ने मात्र सोचेर काम गरियो भने नेताहरुमा विवाद हुनेछैन । जब स्वार्थका लागि अगाडि बढ्न खोजिन्छ, त्यतिखेर विवाद सिर्जना हुनेछ । त्यो विवाद देशलाई अगाडि बढाउने बाटोमा काँडा बनेर तेर्सिन सक्छ । त्यसतर्फ पनि सचेत हुनुपर्नेछ। आम नागरिक निकै सचेत छन्, धेरै समय पर्खिने अवस्थामा हुने छैनन् । अर्को कुरा, निर्वाचनबाट पराजित भएका, वर्षौंसम्म सत्ताको स्वाद चाखेका पुराना पार्टीले कहाँनेर गल्ती भेटिन्छ भनी खोज्ने पनि छन् । उनीहरु सत्ताको स्वादले अनुभवी भएका हुनाले गल्ती थाहा पाउन उनीहरुलाई असहज हुनेछैन ।

जेनजी विद्रोहपछि बनेको सरकार ऐतिहासिक रुपमा निर्वाचन गराउन कसरी सफल भयो भन्ने विषय पनि अहं छ। सुशीला कार्कीलाई फेरि सत्तामा जाने लोभ थिएन । सुरक्षा निकाय र कर्मचारी संयन्त्रलाई कार्की नेतृत्वको सरकारले दुरुपयोग गरेन । मैले भनेको मानिनस् भने भोलि हामी सत्तामा आएपछि ठेगान लगाउँछौँ भनी विगतका दलीय सरकारले जस्तो धम्की दिने काम पनि सुशीला कार्की नेतृत्वको सरकारबाट भएन। जसले गर्दा निर्वाचन आयोग, सुरक्षा निकायका चारै अंगहरु, ब्यूरोक्रेसी र सरकारबिच राम्रो समन्वय भयो । जसरी हुन्छ निर्वाचन एकै चरणमा भयरहित रुपमा सम्पन्न गर्ने कुरामा अर्जुनदृष्टि बन्यो ।

नभन्दै कुनै एकठाउँमा पनि बुथ कब्जा भएन, गोली चलेन, हुलदंगा भएन, कोही घाइते भएन, विवाद भएर कुनै मतदान केन्द्रको मतदान अर्को दिन सार्नुपर्ने अवस्था भएन। यस्तो शान्तिपूर्ण र भयरहित निर्वाचन बहुदलीय व्यवस्थापछि नै भएको थिएन । विगतमा प्रधानमन्त्री, मन्त्री उम्मेदवार हुने अनि सत्ताको चरम दुरुपयोग गरेर चुनाव प्रचारप्रसारमा जाने गर्थे तर यसपटक त्यो पनि भएन । जेनजी विद्रोहपछि मन्त्रालय चलाएका मन्त्रीहरुले सामान्य कुर्सी-टेबलमै बसेर काम गरे । विगतमा जस्तो मन्त्री फेरिनासाथ कार्यालयदेखि निवाससम्मका फर्निचर फेरेर लाखौं इवाम पार्ने काम पनि यसपटक भएन । कार्यालयमा खाजाको भण्डार गर्ने र निवाससम्म पुऱ्याउने काम पनि भएन। प्रधानमन्त्री सुशीला कार्कीकै शब्दमा भन्ने हो भने, मन्त्रालयमा चिया खाएर कार्यालयको काम प्रधानमन्त्रीदेखि मन्त्रीहरुले गरे ।

मितव्ययिताको सन्दर्भमा सरकार खरो सावित भयो । त्यति मात्र होइन, एउटा मात्र उदाहरणलाई लिँदा ०४६ सालको राजनीतिक परिवर्तनपछि ब्रिफकेस नबुझाइकन प्रहरी महानिरीक्षक बन्ने भाग्यमानी दानबहादुर कार्की मात्र भए। अब यो निर्वाचनपछि बन्ने सरकारले पनि सुशासन कायम गर्ने सन्दर्भमा यस्तै उदाहरणलाई अनुशरण गरी संवैधानिक निकाय, कूटनीतिक निकाय वा जिम्मेवार पदमा योग्य एवं स्वच्छ छवि भएका व्यक्तिको नियुक्ति गर्ने कार्य गर्नुपर्छ। त्यस्तै अनावश्यक सचिवालय नबनाउने, स्वकीय निजी सचिवका नाममा हुने बेथितिको अन्त्य गरी अत्यावश्यकबाहेक खर्च नगर्ने गरी जनताको सेवामा तल्लीन हुने काम हुने अपेक्षा र विश्वास आम नागरिकहरुको रहेको छ। त्यो विश्वास व्यवहारमा परिणत हुन सकोस् । यो जनमतको म्यान्डेट हो । साथै निर्वाचनलाई ऐतिहासिक बनाउने सुशीला कार्की नेतृत्वको सरकार, सिंगो सुरक्षा निकाय र तिनका कमान्डरहरु, ब्यूरोक्रेसी एवं निर्वाचन आयोगप्रति स्यालुटसहित बधाई !

समाचारपत्रबाट

# नेप्से परिसूचक छ प्रतिशतले बढ्यो



काठमाडौँ । सोमबार नेप्से परिसूचक १६२ दशमलव ९३ अङ्कले बढेर दुई हजार ८७५ दशमलव ४३ को बिन्दुमा कायम भएको छ । यो छ प्रतिशतको वृद्धि हो । प्रतिनिधिसभा सदस्य निर्वाचनपछि पहिलो दिन खुलेको बजारमा लगानीकर्तामा उत्साह देखिएको हो ।

बजार खुलेलगत्तै नेप्से परिसूचकमा चार प्रतिशतको वृद्धि अर्थात् पहिलो सकारात्मक सर्किट लागेसँगै २० मिनेटका लागि कारोबार रोकिएको थियो। त्यस्तै, ११ बजेर २१ मिनेटमा कारोबार खुलेको एक मिनेटभित्रै दोस्रोपटक सकारात्मक सर्किट लागेको थियो । परिसूचकमा पाँच प्रतिशतको वृद्धि देखिएपछि ४० मिनेटका लागि कारोबार रोकिएको थियो।

त्यस्तै, नेप्से परिसूचकमा १२ बजेर १ मिनेटमा छ प्रतिशतको वृद्धि अर्थात् तेस्रोपटक सकारात्मक सर्किट लागेपछि दिनभरिको कारोबार स्थगित गरिएको नेप्सेले जनाएको छ । हाल कार्यान्वयनमा रहेको 'सर्किट ब्रेक'सम्बन्धी व्यवस्थाअनुसार कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक चार प्रतिशतले घटे वा बढेमा २० मिनेटसम्म कारोबार बन्द गर्ने व्यवस्था छ। त्यस्तै, दोस्रो घण्टामा पाँच प्रतिशतले घटे वा बढेमा ४० मिनेट र तेस्रो घण्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित गरिने व्यवस्था रहेको छ।

२६१ कम्पनीको ११ लाख ४३ हजार ७६७ कित्ता शेयर चार हजार ५१ पटक खरिद-बिक्री हुँदा रु ५५ करोड ५९ लाख ६३ हजार ८९४ बराबरको कारोबार भएको छ। कारोबारमा बैंकिङ ६ दशमलव ९२, विकास बैंक पाँच दशमलव ९१, वित्त पाँच दशमलव ४७, होटल तथा पर्यटन पाँच दशमलव ७३, जलविद्युत् छ दशमलव ८१ र लगानी समूह सात दशमलव ०६ प्रतिशतले बढेको छ।

त्यस्तै, जीवन बिमा चार दशमलव ६७, उत्पादन तथा प्रशोधन पाँच दशमलव ३०, लघुवित्त चार दशमलव ०७, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बिमा तीन दशमलव ७४, व्यापार सात दशमलव ७३ र अन्य समूह पाँच दशमलव ५६ प्रतिशतले बढेको हो ।

# भान्छाको 'तेजपत्ता': स्वास्थ्यका लागि मात्र होइन, सौन्दर्यका लागि पनि वरदान

सामान्यतया हामी तेजपत्तालाई एउटा सुगन्धित मसलाका रूपमा मात्र चिन्छौँ, जसले तरकारी वा पुलाउको स्वाद बढाउँछ। तर, प्राकृतिक गुणले भरिपूर्ण तेजपत्ता सौन्दर्य निखारका लागि पनि उत्तिकै प्रभावकारी मानिन्छ । छाला र कपालको समस्या समाधानमा यसको प्रयोग निकै लाभदायक हुन्छ । तेजपत्तालाई सौन्दर्यका लागि निम्न ५ तरिकाले प्रयोग गर्न सकिन्छः

**१. अनुहारका काला दाग हटाउन**

यदि तपाईंको अनुहारमा डण्डीफोर वा अन्य कारणले काला दागहरू बसेका छन् भने तेजपत्ता निकै सहयोगी हुन्छ।

यसका लागि तेजपत्तालाई पानीमा राम्ररी उमाल्ने र उक्त पानीले नियमित अनुहार धुने गर्नाले छाला सफा हुनुका साथै दागहरू बिस्तारै हराउँदै जान्छन् ।

**२. घामबाट डढेको छालाको सुरक्षा**

कडा घामका कारण छाला डढ्ने वा छालाको रङ्ग



असमान हुने समस्या छ भने तेजपत्ताको पानी प्रयोग गर्न सकिन्छ। यसले छालालाई प्राकृतिक शीतलता प्रदान गर्नुका साथै रङ्गमा एकरूपता ल्याउन मद्दत गर्छ।

**३. रेशमी र चमकदार कपालका लागि**

कपालको प्राकृतिक चमक हराएको छ वा खस्रो भएको छ भने तेजपत्ताको पानीले कपाल धुने गर्नुहोस् । यसको नियमित प्रयोगले कपाललाई नरम, मुलायम र चमकदार बनाउन मद्दत गर्छ।

**४. छालाको पोषण र सफाइ**

तेजपत्ताको पातलाई पिसेर लेप बनाउने र त्यसमा दही मिसाएर अनुहार तथा शरीरमा लगाउनाले छालाको गहिरो सफाइ हुन्छ।

यसले छालालाई आवश्यक पोषण प्रदान गरी प्राकृतिक रूपमै चम्किलो बनाउँछ।

**५. बलियो र सेतो दाँतका लागि**

तेजपत्ता दाँतको चमकका लागि पनि अचुक औषधि हो ।

तेजपत्तालाई घाममा सुकाएर धुलो बनाउने र उक्त धुलोले दाँत माझ्ने गर्नाले दाँतको पहेलोपना हट्छ।

यसले दाँतलाई मजबुत बनाउनुका साथै मुस्कानमा चमक थप्छ।

# वायु प्रदूषणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह




काठमाडौँ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेकाले त्यसबाट बच्न सबैलाई आग्रह गरेका हुन् । उनले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौलालगायतमा समस्या देखिने भएकाले सचेत रहन आग्रह गरे ।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकाले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गरेका छन् । वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकाले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ । पुराना गाडीले वायु प्रदूपण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उनको भनाइ छ ।

अझै एकहप्ता काठमाडौँमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ । वायु प्रदूषणको कारण काठमाडौँ उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन ।

वातावरण विभागका अनुसार केही दिनमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौँ, पोखरालगायत देशका ठूला सहरमा मसिना कणहरु बढेको जनाइएको छ ।

# ए डिभिजन लिग समयमै हुन्न : एन्फा



बुटवल । अखिल नेपाल फुटबल संघ एन्फाले कुनै पूर्वजानकारी र संवादबिना अप्रत्याशित रूपमा तालाबन्दी गरिएको आरोप लगाएको छ ।

नेपाल फुटबल खेलाडी संघले माग पूरा नभएको भन्दै एन्फाको मुख्यालयमा आइतबार तालाबन्दी गरेको थियो । सोही विषयमा प्रेस विज्ञप्ति जारी गर्दै एन्फाले तालाबन्दी हुँदा 'ए' डिभिजन लिग समयमै गर्न असम्भव देखिएको जनाएको छ ।

'शहीद स्मारक ए डिभिजन लिग र राष्ट्रिय लिग सञ्चालनका लागि एन्फा सहभागी क्लबहरू र खेलाडी संघबिच निरन्तर संवाद र समन्वय भई राष्ट्रिय लिग तय भएको र निर्धारित कार्यतालिकाअनुसार राष्ट्रिय लिग सम्पन्न भएको एक महिनापश्चात् ए डिभिजन लिग सुरु गर्न एन्फा पूर्णरुपमा प्रतिबद्ध रहेको र सोही बमोजिम तयारी भइरहेको जानकारी गराउन चाहन्छौँ,' विज्ञप्तिमा उल्लेख छ-'तसर्थ खेलाडी संघको माग र त्रिपक्षीय सहमति तालाबन्दीको बिचमा सबै दैनिक प्रशासनिक गतिविधिहरू अवरुद्ध हुन गएको कारण कार्यान्वयन गर्न असम्भव देखिन्छ ।'

क्लब र खेलाडी संघबिच संवाद र समन्वय भई तय गरिएको कार्यतालिकाअनुसार 'ए' डिभिजन लिग गर्न एन्फा प्रतिबद्ध रहेको एन्फाले जिकिर गरेको छ । तर, तालाबन्दी हुँदा दैनिक प्रशासनिक गतिविधि अवरुद्ध हुन गएको कारण सहमति कार्यान्वयन गर्न असम्भव देखिएको एन्फाको तर्क छ । खेलाडी संघको मागअनुसार अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताबाट फाइनल खेलको टिकटबापत केही रकम खेलाडी कल्याण कोषमा जम्मा गर्ने निर्णयमा संघ प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

यस्तै वर्तमान कार्यसमितिद्वारा घोषित पुरस्कार पूर्णरुपमा भुक्तानी गरिसकिएको एन्फाको तर्क छ । 'अघिल्लो विभिन्न कार्यसमितिले निर्णय गरी बाँकी रहेका पुरस्कार रकमको सन्दर्भमा आन्तरिक स्रोतबाट भुक्तानी गर्नुपर्ने हुँदा क्रमिक रुपमा आन्तरिक स्रोतको उपलब्धतासँगै भुक्तानी गर्दैजाने संघ प्रतिवद्धता व्यक्त गर्दछ ।'- विज्ञप्तिमा उल्लेख छ ।

### एमालेमा...

यदि महाधिवेशन आयोजना नगरिएमा महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले महाधिवेशन आयोजक कमिटी बनाएर विशेष महाधिवेशन आयोजना गर्न सक्ने वैधानिक व्यवस्था रहेको छ ।

नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले निर्वाचनमार्फत् जनताले एमालेको नीति र नेतृत्व अस्वीकृत गरेको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले नीति र नेतृत्व पुनर्गठनको बहसमा सहभागी हुन आमसाधरणसँग अपिल समेत गरेका छन् । 'निर्वाचनमा आफ्नो मतमार्फत् जनताले हाम्रो नीति र नेतृत्वलाई शान्तिपूर्ण रूपले अस्वीकृत गरेका छन् । यो आजको वस्तुगत यथार्थ हो,' भट्टराईले लेखेका छन्-'हामीले आफूभित्र सर्वाङ्गीण रूपान्तरण मार्फत जनसमर्थन पुनः आर्जनको बाटो लिनुपर्दछ ।'

२३ र २४ भदौपछि पार्टीले लिएको नीतिप्रति असहमति जनाएर पार्टी बैठक र महाधिवेशनमा राखे पनि अस्वीकृत भएको सम्झदै भट्टराईले उक्त बहस पुनः खुला गर्नुपर्ने उल्लेख गरेका छन् । नीति र नेतृत्वबारे बहस गरेर जाँदा एमाले फेरि उठ्ने उनले विश्वास समेत गरेका छन् ।

'कमरेडहरू, हामी ढलेका मात्र हौ, मरेका होइनौं । सही नीति, सही संगठन, सही नेतृत्व, सही व्यवहार र सही कार्यशैलीमार्फत् हामी उठ्नेछौं र पार्टी, जनता र राष्ट्रको स्वाभिमानलाई फेरि उठाउनेछौ,' उनले लेखेका छन्-'संयम र धैर्यताका साथ पार्टी पार्टीको एकता जोगाउन र सही मार्गमा अघि बढ्न र आत्मभस्सर्ना होइन, आत्मसमीक्षाको बाटोमा हिंड्न म नेकपा एमालेका सम्पूर्ण कमरेडहरूलाई हार्दिक अपिल गर्दछु ।'

पार्टीकी नेतृ रामकुमारी झाँक्रीले समानुपातिक मत परिणाम समेत आइसकेपछि पार्टीको बैठकमा चुनावमा पराजयका कारणबारे समीक्षा हुने बताइन् । समीक्षापछि पार्टी कहाँ चुक्यो ? के गर्नुपर्थ्यो भन्ने समीक्षा हुने बताइन् । 'पार्टीको वैठकमा एजेण्डा बनाएर छलफल हुन्छ ।'-झाँक्रीले भनिन् ।

नेता गोकुल बास्कोटाले एमालेलाई अहिलेको प्रतिकूल समयले पनि नसुधारे डाइनोसर बन्ने भन्दै व्यङ्ग्य गरेका छन् । 'नोष्टालजिक हुने गरी पार्टी जीवनका उकाली ओरालीको फ्ल्यास ब्याक पल्टाउन तयार हुनासाथ रि-भिजन, रि-थिङ्क,रि-स्ट्रक्चरिङ र रिनोभेट सामान्य रुपमै भैहाल्छ, पिरामिड थियो, फुलि थप्न सोली बनायौ, लोकप्रिय छौं भनेको नेताको मात्रै प्रिय भइएछासमयले सुधारेन भने डाइनोसर बनिएला क्यार्नु त ?' डोन्टओरी !'-बास्कोटाले फेसुबका लेखेका छन् ।

### रुपन्देहीमा...

यी ६ वटै दलले ३ प्रतिशतको थ्रेसहोल्ड कटाउने देखिएको छ । यसपटक ६ वटा पार्टीले राष्ट्रिय दलको मान्यता पाउने सम्भावना बढेको हो । अन्य दलहरूतर्फ जसपा नेपाल, राष्ट्रिय परिवर्तन पार्टीले १ लाख कटाए पनि थ्रेसहोल्ड कटाउन सकेका छैनन् ।

समानुपातिकतर्फको प्रारम्भिक मतपरिणाम हेर्दा अघिल्लो निर्वाचनमा थ्रेसहोल्ड कटाएर राष्ट्रिय दल बनेका मधेश केन्द्रित र क्षेत्रीय दलहरूको अवस्था यसपटक दयनीय देखिएको छ ।

गत निर्वाचनमा राष्ट्रिय दल बनेका जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनता समाजवादी पार्टीलाई यसपटक ३ प्रतिशत मत कटाएर राष्ट्रिय दल बन्न निकै कठिन हुने देखिएको छ ।

देशैभरको प्रत्यक्षतर्फको मतगणना सम्पन्न भएको छ । तथ्याङ्कअनुसार प्रत्यक्षतर्फ रास्वपा १२५ स्थानमा जित निकालेको छ । कांग्रेसको १८ मा जित, एमालेको ९ स्थानामा जित, नेकपाको ७ स्थानमा जित, श्रम संस्कृतिको ३ स्थानमा जित, राप्रपाको १ स्थान र स्वतन्त्रमा महाविर पुनले जित निकालेका छन् ।

## Rohini Rural Municipality

**Office of the Rural Municipal Executive**
**Dhakdhai, Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotations

Date of First Publication: Feb 16th, 2026 (Falgun 4th, 2082)
Date of Second Publication: Mar 10th , 2026 (Falgun 26th , 2082)

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may contact the Rohini Rural Municipality Office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 07/SQ2/ | Wada Stariya P.C.C Dhalan Tatha Ramnaresh Ma.Vi. Dekhi Sobhako Ghar Samma P.C.C. Dhalan | 17,53,912.94 | 44,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | 1,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | March 24th ,2026 (Chaitra 10th,2082) At 12:00 Hours | March 24th ,2026 (Chaitra 10th ,2082) At 15:00 Hours | 75 Days |
| 2 | 08/SQ2/ | Construction of Temple and Drain Works in Rohini-03 | 17,54,047.79 | 44,000 | | 1,000 | | | | |

• Bidders are advised to read the corresponding bid document carefully before submission of bid.

**Chief Administrative Officer**

## कावासोती नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**
**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः २०८२/११/२६**

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक(मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 10/KM/NCB/ WORKS/2082/83 | Road Upgrading Works at Kawasoti Municipality 9,10 and 14 | गह्रौकाली विल्डर्स भरतपुर -१० चितवन | ५८,६४,७४०.०१ | |
| 12/KM/NCB/ WORKS/2082/83 | Bipad Jokhimv Nyunikaran Tatha Phohor Vyabasthapan | रोज डेभलपर प्रा.लि. टोखा-२ काठमाण्डौं | ३०,५३,४६०.८० | |
| 13/KM/NCB/ WORKS/2082/83 | Phohor Vyabasthapan Purwadhar Bikash | रोज डेभलपर प्रा.लि. टोखा-२ काठमाण्डौं | ५१,२७,८४९.६० | |
| 14/KM/NCB/ WORKS/2082/83 | Road Upgrading Works at Kawasoti Municipality 2 and 8 | गह्रौकाली विल्डर्स भरतपुर -१० चितवन | ४५,७९,४१३.८३ | |
| 15/KM/NCB/ WORKS/2082/83 | Road Upgrading Works at Different Location of Kawasoti Municipality 2 and 7 | गह्रौकाली विल्डर्स भरतपुर -१० चितवन | ३३,२८,५५३.३७ | |

**प्रमुख प्रशासकीय अधिकृत**

## सूचना

**प्रकाशित मितिः २०८२।११।२६**

यस संघले मिति २०८२।०८।२४ मा राष्ट्रिय दैनिक पत्रिका दैनिक लुम्बिनीमा प्रकाशित सूचना अनुसार देहाय बमोजिमका पदहरुमा करारद्वारा पदपूर्ति गर्न तपशिल बमोजिमका विभिन्न पदहरुको अन्तर्वार्ता निम्न मिति, समय र स्थानमा हुने भएकाले शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकताको सक्कल प्रमाणपत्र, प्रवेशपत्र, अनुभवको प्रमाणपत्र लिई उपस्थित हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**पहिलो चरण**

| सि.न. | पद | अन्तरवार्ता मिति | समय |
|---|---|---|---|
| १ | Optometrist, G-3rd, Level 10 (Tech.) | २०८२ चैत्र ०३ | बिहान १० बजे |
| २ | Infection Control & Surveillance Officer, G-3rd, Level 10 (Tech.) | | |
| ३ | Pharmacy Assistant NG-1st Level 8(Tech.) | | |
| ४ | Minor OT Assistant. NG-2nd, Level-6(Tech.) | | |

**दोसो चरण**

| सि.न. | पद | अन्तरवार्ता मिति | समय |
|---|---|---|---|
| १ | Lab Technician NG-1st, Level 8(Tech.) | २०८२ चैत्र ०४ | बिहान १० बजे |
| २ | ENT Assistant, NG-2nd, Level-6(Tech.) | | |
| ३ | Office Assistant, NG-2nd, Level-6(Non-Tech.) | | |
| ४ | Office Helper, Level-1(Non-Tech) | | |

**परीक्षा स्थान : नेपाल नेत्र ज्योति संघ, रुपन्देही शाखा, भैरहवा ।**
**प्रवेश पत्र वितरणः२०८२।११।२७ गते बिहान १० बजेदेखि कार्यालय समयभित्र ।**

थप बिस्तृत जानकारीको लागि
नेपाल नेत्र ज्योति संघ,
रुपन्देही शाखा

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**गाजर पखाल्दै किसानः**
चितवनको भरतपुर महानगरपालिका-१५ फूलबारी श्रीपुरमा खेतबाट उखेलेर ल्याइएको गाजर पखाल्दै किसान तथा कामदार। किसानका घर-आँगनमा गाजरका थुप्रा देखिन्छन् भने खेतमा गाजर उखेल्ने र पखाल्ने काममा कामदार व्यस्त छन्। तस्विरः सनद अधिकारी/रासस

# ‘राष्ट्र र जनताको हितमा काम गर्न ध्यान’



बुटवल। राष्ट्रियसभाका नवनिर्वाचित सदस्यहरुले राष्ट्र र जनताको हितका लागि काम गर्न ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाएका छन्।

सोमबार सिंहदरबारमा पद तथा गोपनियताको शपथ लिएपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनीहरुले आवश्यक ऐन, कानुन, नीति निर्माणका साथै राष्ट्र र जनताको हितका लागि काम गर्न ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाएका हुन्।

राष्ट्रियसभा सदस्य महन्थ ठाकुरले संविधानले दिएको जिम्मेवारी अनुसार काम गर्ने बताए। उनले आफूहरुको भूमिका कानुन निर्माणमा भए पनि जनताले विकासको अपेक्षा आफूहरुबाट पनि गरेकाले समस्या हुने गरेको गुनासो गरे।

त्यस्तै राष्ट्रियसभा सदस्य रञ्जित कर्णले देश बनाउनका लागि प्रतिनिधिसभा र राष्ट्रियसभा मिलेर अघि बढ्नुपर्ने बताए। मुलुकको विकास, सुशासनलगायतका लागि आवश्यक कानुन बनाउनुपर्ने आवश्यकता देखिएकाले त्यसमा ध्यान केन्द्रित गर्नुपर्ने उनको भनाइ छ। उनले अहिले दुईतिहाई वा बहुमत ठूलो कुरा नभएको भन्दै राष्ट्रिय हितका लागि कुनै कानुन रोक्ने काम नहुने र आफूहरुको पूर्ण सहयोग हुने धारणा राखे।

त्यस्तै राष्ट्रियसभा सदस्य रामकुमारी झाँक्रीले जनता र राष्ट्रको हित हुने काममा सबैसँग सहकार्य गर्दै अघि बढ्ने बताइन्।

प्रतिनिधिसभा जस्तै राष्ट्रियसभाले पनि यसअघि जस्तै जिम्मेवार भएर काम गर्ने उनको भनाइ छ।

झाँक्रीले प्रतिनिधिसभा निर्वाचनको नजिताप्रति पार्टी कमिटीमा आवश्यक समीक्षा हुने उल्लेख गरिन्।

# अपरिवर्तनीय बाहेक सबै विषयमा छलफल हुन्छ : झाँक्री



बुटवल। नेकपा (एमाले)का राष्ट्रियसभा सांसद रामकुमारी झाँक्रीले संविधानमा अपरिवर्तनीय भनेर राखेर प्रावधानबाहेक सबै विषयमा छलफल गर्न सकिने टिप्पणी गरेकी छिन्।

सोमबार राष्ट्रियसभा सांसद पदको शपथ लिएलगत्तै उनले सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा सो प्रतिक्रिया दिएकी हुन्।

सांसद झाँक्रीले राष्ट्र र जनताको पक्षमा हुने संविधानसम्मत सबै वस्तुहरुमा छलफल गरेर अघि बढ्न एमाले तयार रहेको पनि बताइन्।

‘राष्ट्र र जनताको पक्षमा हुने संविधानसम्मत हर चिजहरू संविधानका केही अपरिवर्तनीय धाराहरूबाहेक सबै परिवर्तनशील छन्। सबै प्रावधानहरू परिवर्तन हुन्छ,’ उनले भनिन्-‘संविधानमा के चिज अपरिवर्तनीय भनेर संविधानमा लेखिएकै छ। त्यसकारण यी सबै विषयहरुमा छलफल हुन सक्छ।’

साथै उनले निर्वाचनको समीक्षालगायतका विषयमा छलफल गर्न पार्टीले छिट्टै समीक्षात्मक बैठक बोलाउने पनि बताइन्।

# प्यूठानमा तीन दशकपछि वाम वर्चस्वमा ब्रेक




**सलिम मिया**
*प्यूठान*

प्यूठानमा तीन दशक लामो कम्युनिस्ट वर्चस्व यस पटक भंग भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उम्मेदवार सुशान्त वैदिक निर्वाचित भएसँगै २०५१ पछि प्यूठानमा कायम वामपन्थी वर्चस्वमा ब्रेक लागेको हो।

यस पटक वैदिकले २७ हजार ४६९ मतसहित जित निकाल्दा निकटतम प्रतिस्पर्धी पनि गैह्र वामपन्थी परे। नेपाली कांग्रेसका गोविन्दराज पोखरेलले १८ हजार ३३८ मत पाएर दोस्रो हुँदा अघिल्लो निर्वाचन जितेका नेकपा एमालेका सूर्यबहादुर थापा १६ हजार ७१० मत मात्रै प्राप्त गरे।

प्यूठानमा कम्युनिस्ट जितेकै वर्ष २०५१ जेठ १८ मा जन्मिएका वैदिकले लन्डन स्कुल अफ इकोनोमिक्सका विद्यार्थी हुन्। उनले नर्वेबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेका छन्। लुम्बिनी प्रदेशका तत्कालीन मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र जोखबहादुर महराका आर्थिक सल्लाहकार बनेर पनि उनले काम गरेका छन्। पछिल्लो पटक उम्मेदवारी दर्ता गर्नुअघि मात्रै उनी रास्वपाका प्रवेश गरेका हुन्।

प्यूठान कम्युनिस्ट आन्दोलनका पुराना र हालसम्म जीवित नेता मोहनविक्रम सिंहलाई जन्माएको जिल्ला हो। सिंहले २०१० सालमा प्यूठानमा कम्युनिस्ट पार्टी जन्माएका थिए। उनको जन्मस्थान हाल झिमरुक गाउँपालिकामा पर्दछ। २०४६ को परिवर्तनका बेला प्यूठान सिंह नेतृत्वको तत्कालीन नेकपा मसालको बलियो लाल किल्ला थियो। तर, २०४८ को निर्वाचनमा मसालले संविधानसभाको माग गर्दै निर्वाचन बहिष्कार गर्दा प्यूठानमा तत्काल कायम दुवै क्षेत्रमा कांग्रेस उम्मेदवार जितेका थिए।

त्यो तत्कालीन क्षेत्र नम्बर १ मा शिवराज सुवेदी र क्षेत्र नम्बर २ मा मुक्तिप्रसाद शर्मा विजयी भएका थिए।

२०५१ को मध्यावधि निर्वाचनमा भने प्यूठान-२ मा तत्कालीन राष्ट्रिय जनमोर्चाका उम्मेदवार नवराज सुवेदीले जित निकाल्दा प्यूठान-१ मा भने कांग्रेसका शिवराज सुवेदी नै जितेका थिए।

त्यसरी प्यूठानमा पहिलो पटक वामपन्थीले एक सिट जितेर अखडा बनाएको थियो। २०५६ को प्रतिनिधिसभा निर्वाचनमा प्यूठानका दुवै क्षेत्रमा राष्ट्रिय जनमोर्चाले नै जितेको थियो। त्यो बेला प्यूठान-१ मा हरि आचार्य जित्दा प्यूठान-२ मा नवराज सुवेदी दोहोरिएका थिए।

२०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा माओवादीले दुवै सिट जित्यो। जसमा नारायणप्रसाद अधिकारी र दीपकबहादुर केसीले जितेका थिए।

२०७० को दोस्रो संविधानसभा निर्वाचनमा दुवै क्षेत्रमा नेकपा एमालेका उम्मेदवारहरू जिते। जसमा प्यूठान-१ मा वामदेव गौतम र प्यूठान-२ मा हिराबहादुर केसीले जितेका थिए।

२०७४ मा पनि प्यूठानले वामपन्थी वर्चस्व कायम राख्यो। त्यो बेला प्यूठानमा एक मात्रै निर्वाचन क्षेत्र कायम भएकामा वाम गठबन्धनबाट उम्मेदवार बनेकी राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल निर्वाचित भइन्। २०७९ मा भने एमालेका सूर्यबहादुर थापा निर्वाचित भएका थिए।

प्यूठानले ३१ वर्ष लामो वामपन्थी विरासत मात्रै बनाएको छैन, त्यहीं भूगोलबाट मोहनविक्रम सिंह, मोहन वैद्य, वामदेव गौतम, लीलामणि थापा, मणि थापा र सूर्य थापासम्मका कम्युनिस्ट नेता पनि जन्माएको छ।

तर, यस पटक भने ती नेताले कोरेको विरासत जनमतका आधारमा रास्वपाका वैदिकले भत्काइदिएका छन्। उसो त पछिल्ला हरेक निर्वाचनपिच्छे प्यूठानवासीले अनुहार भने बदलेर चुनेर पठाएका छन्। जसले यहाँका जनताको परिवर्तनकारी सोंचलाई इंगित गर्छ। यस पटक पनि मतदाताले परिवर्तनलाई नै अनुमोदन गरेका छन्।

स्वर्गद्वारी बहुमुखी क्याम्पसका उपप्राध्यापक गोविन्द पोखरेल यस पटक सोचेभन्दा निकै फरक नतिजा प्यूठानले दिएको बताउँछन्। ‘सुरुमा माहौल फरक थियो, जनमत नै बदलिन्छ भन्ने धेरैले सोंचेका थिएनन्,’ उनी भन्छन्-‘तर मतदाताले चुपचाप मन र मत बदलेका रहेछन्।’

अहिलेको जनमत विचारभन्दा सेवाको डेलिभरीको भोकका रूपमा उनले लिएका छन्। ‘जनताले अहिले विचारभन्दा सेवा, रोजगारीको वातावरण, सुशासन र पारदर्शिता खोजिरहेका छन्। त्यसैको प्रस्फुटन जनमतबाट देखाए।’- पोखरेलले भने।

# अर्घाखाँचीमा तीन जना बाहेक सबैको जमानत जफत

अर्घाखाँची। अर्घाखाँचीमा प्रतिनिधिसभा निर्वाचन २०८२ मा उम्मेदवार बनेका तीन जनाको मात्र जमानत फिर्ता हुने भएको छ। १२ जना अर्थात् ८० प्रतिशत उम्मेदवारहरुको जमानत जफत भएको हो।

निर्वाचन ऐनअनुसार कूल सदर मतको १० प्रतिशत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ। एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा विभिन्न दल तथा स्वतन्त्र गरी १५ जनाले उम्मेदवारी दिएका थिए। १ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेकामा ४७ हजार ६ सय ८८ महिला र ३८ हजार ९ सय ८० पुरूष गरी प्रत्यक्षतर्फ ८६ हजार ५ सय २६ मत खसेको थियो। जसमा ८३ हजार ३ सय ६ मत सदर भएको थियो। यो तथ्याङ्क अनुसार ८ हजार ३ सय ३० भन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत भएको छ।

अर्घाखाँचीमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका उम्मेदवार हरिप्रसाद भुसाल ३५ हजार २३ मतले विजयी हुँदा नेकपा एमालेका पिताम्बर भुसालले २२ हजार ६४९ मत र नेपाली कांग्रेसका विष्णुप्रसाद खनाल मुस्कानले १८ हजार ९८३ मत प्राप्त गरे भने अन्य १२ उम्मेदवारले जमानतसम्म जोगाउन सकेनन्।

नेपाली कम्युनिष्ट पार्टी नेकपाका उम्मेदवार रामबहादुर चौहानले ३ हजार ८४७ मत मात्रै प्राप्त गर्नसके। सोही कारण उनको जमानत जफत भएको छ। यस्तै एक हजार ८०९ मत पाएका राष्ट्रिय जनमोर्चाका पशुपति नाथ ढकाल, ४ सय ५९ मत पाएका नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का खिमबहादुर घर्ती मगर, २ सय ४४ मत पाएका राष्ट्रिय प्रजातन्त्र पार्टीका झबिन्द्र फुल्लेलको जमानत जफत भयो।

यस्तै ८ जना उम्मेदवारले त एक सय मत पनि कटाएनन्। ९४ मत पाएका नेशनल रिपब्लिक नेपालका विष्णुबहादुर गाहा, ४४ मत पाएका आम जनता पार्टीका दुर्गाबहादुर भाट क्षेत्री, ४० मत पाएका मंगोल नेशनल अर्गनाइजेसनका सूर्यबहादुर गुरुङ्ग, ४० मत पाएका जनता समाजवादी पार्टीका टुकबहादुर चेवाली, २८ मत पाएका प्रगतिशील लोकतान्त्रिक पार्टीका पुस्कर नाथ आचार्य, २२ मत पाएका स्वतन्त्र उम्मेदवार रवि शाह, २१ मत पाएका स्वतन्त्र उम्मेदवार हिमाल भुसाल र ३ मत पाएका स्वतन्त्र उम्मेदवार पम्फा श्रेष्ठको जमानत जफत भएको छ।

# अर्थतन्त्रमा राम्रो योगदान गरेका उम्मेदवारहरू पराजित

बुटवल। नेपालको अर्थतन्त्रमा राम्रो योगदान गरेका चर्चित उद्योगी व्यवसायीहरु प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका छन्। आर्थिक क्षेत्रमा आफ्नो दरिलो पहिचान बनाएका र मुलुकको अर्थतन्त्र चलायमान बनाउन भूमिका खेलेका दर्जनौं ‘कर्पोरेट’ अनुहारहरू ल विभिन्न राजनीतिक दलबाट प्रत्यक्षतर्फबाट चुनावी मैदानमा उत्रिएका थिए।

तर, धेरै उद्योगी-व्यवसायीहरूले मतदाताको मन जित्न सकेनन्। नेपालका एकमात्र डलर अर्बपति उद्योगपति विनोद चौधरी नेपाली कांग्रेसका तर्फबाट नवलपरासी बर्दघाट सुस्ता पश्चिम क्षेत्र नम्बर १ बाट उम्मेदवार बनेका थिए। अघिल्लो निर्वाचनमा उनी सोही क्षेत्रबाट निर्वाचित भएका थिए। तर, यसपालि भने उनलाई मतदाताले साथ दिएनन्। उनले ३५ हजार मतान्तरले हारे। चौधरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का विक्रम खनालसँग पराजित भए। रास्वपाका खनालले ४५ हजार २ सय ४१ मत पाउँदा चौधरीले ९ हजार ५ सय २ मतमै चित्त बुझाए।

यस्तै धादिङ क्षेत्र नम्बर २ मा कांग्रेसबाट पर्यटन व्यवसायी रमेशप्रसाद धमला उम्मेदवार थिए। उनी ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष पनि हुन्। पहिलो पटक निर्वाचनमा होमिएका उनलाई रास्वपाका बोधनारायण श्रेष्ठले हराए।

श्रेष्ठले २६ हजार १ सय ४३ मत ल्याएर निर्वाचित हुँदा धमलाले २० हजार २ सय ७७ मत ल्याए। निर्वाचित श्रेष्ठ र धमलाबिचको मतान्तर ५ हजार ८ सय ६५ छ।

त्यस्तै रुपन्देही क्षेत्र नम्बर २ मा यशोदा फुड्सका अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेल कांग्रेसबाट उम्मेदवार बनेका थिए। सोना प्याकेजिङ तथा हायात प्यालेस होटलका अध्यक्ष समेत रहेका उनी रास्वपाका उम्मेदवार सुलभ खरेलसँग पराजित भए। खरेलले ५६ हजार ५ सय ५० मत पाएर निर्वाचित हुँदा पौडेलले ९ हजार ३ सय ९२ मत मात्रै ल्याए।

यस्तै पर्सा क्षेत्र नम्बर-१ बाट कांग्रेस उम्मेदवार उद्योगी अनिलकुमार रुँगटा पनि पराजित भएका छन्। उनी जगदम्बा इन्टरप्राइजेज प्रालिका निर्देशक हुन्।

रुँगटा पनि रास्वपाका उम्मेदवार बुद्धिप्रसाद पन्त (हरि) सँग पराजित भए। पन्तले २७ हजार २ सय ७४ मत प्राप्त गर्दा रुँगटाले ११ हजार ८ सय ८५ मत प्राप्त गरेका छन्। यसैगरी कपिलवस्तु क्षेत्र नम्बर ३ मा कांग्रेस त्यागेर एमालेबाट व्यवसायी वीरेन्द्रप्रसाद कनौडिया उम्मेदवार बनेका थिए। उनी लुम्बिनी सुगर मिल्सका अध्यक्ष पनि हुन्। साथै, उनको अन्य उद्योग तथा व्यवसायमा पनि लगानी छ। कनौडिया कपिलवस्तु-३ मा कांग्रेसका अभिषेकप्रताप शाहसँग पराजित भए। शाह २३ हजार ५ सय ३५ मत ल्याएर विजयी हुँदा एमालेका कनोडियाले १४ हजार ७ सय ६३ मत ल्याए।

कांग्रेसले झापा क्षेत्र नम्बर ३ मा नेपाल अलैंची व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र घिमिरेलाई उम्मेदवार बनाएको थियो। घिमिरे पनि रास्वपाका उम्मेदवार प्रकाश पाठकसँग पराजित भएका छन्। उनले ८ हजार १ सय १९ मत मात्रै पाएका छन्। पाठकले ३८ हजार ६ सय ७४ मत ल्याएका छन्। यस्तै पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसदस्य कृष्ण रिजाल पनि धादिङ क्षेत्र नम्बर १ मा कांग्रेसबाट उम्मेदवार थिए। धादिङ-१ मा रास्वपाकी आशिका तामाङ विजयी भएकी छिन्। तामाङले ३९ हजार १ सय २८ पाइन्। रिजालको मत १० हजार ८० मात्रै छ।

यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट काठमाडौं-८ को उम्मेदवार बनेका थिए व्यवसायी सुमन सायमी। उनी नेपालकै पुरानोमध्येको मिठाई पसल कालीमाटीस्थित ‘स्विट केभ’ का सञ्चालक हुन्।

उनी रास्वपाका विराजभक्त श्रेष्ठसँग पराजित भए। श्रेष्ठले २४ हजार ५ सय ९२ मत ल्याउँदा सायमीले ३ हजार २ सय १७ मत पाए। सायमीको जमानत जफत भएको छ। यसैगरी राइड सेयरिङ एप ‘पठाओ’ का सञ्चालक असिममानसिंह बस्न्यातले काठमाडौं क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारी दिएका थिए। तर, उनलाई ५० मतदाताले मात्र पत्याए।

त्यस्तै कैलाली-२ मा कांग्रेसका उम्मेदवार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ अध्यक्ष विजयबहादुर स्वाँर रास्वपाका केपी खनालसँग पराजित भए।

ऊर्जा तथा मेडिकल व्यवसायी डा. सुनिलकुमार शर्मा मोरङ-३ मा पराजित भए। मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीका पूर्वअध्यक्ष भरतराज ढकाल स्याङ्जा-१ मा पराजित भए। यसैगरी घरजग्गा व्यवसायी प्रेमबहादुर खत्री गोरखा-१ मा पराजित भए। म्यानपावर व्यवसायी तिलक रानाभाट पनि पराजित भएका छन्। भन्सार एजेन्ट तथा व्यवसायी केशव पाण्डेले हार बेहोरे।

गुल्मी-२ मा व्यवसायी भुवन श्रेष्ठ, धनुषा-२ मा व्यवसायी उमाशंकर अरगरिया र उद्योगपति दीलिप अग्रवाल मोरङ-२ मा पराजित भए।

त्यसैगरी पूर्वबैंकर मिनबहादुर गुरुङ स्याङ्जा-१, मनाङमा व्यवसायी छोपाङ गुरुङ र मोरङ-५ मा व्यवसायी मनोज अग्रवाल यसपालि चुनावमा असफल भए।

दुग्ध व्यवसायी रामचन्द्र उप्रेती झापा-१, स्याङ्जा-२ मा व्यवसायी खिम थापा, झापा-४ मा म्यानपावर व्यवसायी एलपी साँवा लिम्बू, नवलपुर-१ मा उद्योगी भगिरथ सापकोटा र काभ्रे-१ मा पर्यटन व्यवसायी अमित लामा पराजित भए।

यसैगरी बारा-४ मा उद्योगी किसान श्रेष्ठ, सिराहा-४ मा व्यवसायी डा. वीरेन्द्रप्रसाद महतो, स्याङ्जा-२ मा यातायात व्यवसायी भागवत मल्ल र पर्यटन व्यवसायी ज्योत्सना सैंजु काभ्रे-२ मा पराजित भए। म्यानपावर व्यवसायीहरू किरणकिशोर घिमिरे दाङ-२ र रनबहादुर राई इलाम-१, ऊर्जा व्यवसायी पार्वत गुरुङ दोलखा, पूर्वबैंकर झपट बोहरा अछाम-१ र काठ व्यवसायी प्रेमबहादुर आले कैलाली-५ मा पराजित भए।

# धनुषा १ मा यादवलाई विजयी घोषणा नगरेकोमा नेकपाको आपत्ति

बुटवल। नेपाली कम्युनिष्ट पार्टीले धनुषा-१ का उम्मेदवार मातृकाप्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण नगरेको भन्दै निर्वाचन आयोगको ध्यानाकर्षण गरेको छ।

२१ फागुनमा भएको मतदानपछि धनुषा १ मा मतगणना भइसकेको छ। तर, आयोगले गणना सार्वजनिक गरेको छैन। यहाँबाट उम्मेदवार रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका किशोरी साह कमलको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेको थियो। तर, मतपत्रमा रास्वपाको चुनाव चिह्नमा बहुमत मत प्रकट भएको छ।

उम्मेदवारी खारेजको निर्णय कार्यान्वयन हुँदा यहाँबाट नेकपाका उम्मेदवार मातृकाप्रसाद यादव विजयी घोषित हुनु पर्नेमा आयोग मौन बसेपछि नेकपाले ध्यानाकर्षण गराएको हो।

‘धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यका लागि हाम्रो पार्टीका उम्मेदवार मातृकाप्रसाद यादव विजयी भएको मत परिणाम सार्वजनिक भइसक्दा पनि उहाँलाई आयोगले निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण नगरेकोमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,’ नेकपाको तर्फबाट केन्द्रीय कार्यालयका सचिव गोविन्द आचार्यले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ-‘निर्वाचन आयोगको २०८२ फागुन १८ गते सम्पन्न बैठकले निर्वाचन ऐन, २०७४ बमोजिम रास्वपाका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरिसकेको अवस्थामा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भई मतगणना समेत सकिँदा पनि विजयी उम्मेदवारलाई प्रमाणपत्र प्रदान नगरिनु गम्भीर सरोकारको विषय हो।’

नेकपाले आफ्ना उम्मेदवार विजयी भइसक्दा पनि प्रमाणपत्र दिन आलटाल गर्नु, निर्वाचन प्रक्रिया र स्थापित विधिविपरीत कार्य हुनु चिन्ताजनक भएको जनाएको छ। ‘कसैको कानुनसम्मत रूपमा उम्मेदवारी नै खारेज भइसकेको अवस्थामा उम्मेदवार नै नरहेको व्यक्तिसँग सम्बन्धित भनेर प्रमाणपत्र नै वितरण नगर्नु कानुनसम्मत देखिँदैन,’ उनले भनेको छ-‘हाम्रो पार्टी निर्वाचन आयोगजस्तो संवैधानिक निकायलाई विधिको शासन पालना गर्न र कुनै पनि राजनीतिक दबाबमा नपरी निष्पक्ष ढंगले काम गर्न आग्रह गर्दछ। साथै न्यायालयले पनि कानुन र विधिसम्मतढंगले सही निर्णय गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछ।’

रास्वपा उम्मेदवार कमललाई बैंक तथा वित्तीय संस्थासम्बन्धी विषयमा कर्जा सूचना केन्द्रले कालोसूचीमा राखेको प्रमाणित भएपछि १८ फागुनमा बसेको आयोगको बैठकले उनको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो।

उनको कमल निर्माण सेवा प्रालि २०८० माघ २२ गतेदेखि बैंक तथा वित्तीय संस्थासम्बन्धी दायित्व पूरा नगरेको कारण कालोसूचीमा परेको थियो। बैंकको ऋण नतिरेको, चेक बाउन्स भएकोलगायतका मुद्दा लागेपछि सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा राख्ने गर्छ।

उम्मेदवार कमलविरुद्ध गत १० फागुनमा निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो। मुख्य निर्वाचन अधिकृतको कार्यालयले सो उजुरी ११ फागुनमा निर्वाचन आयोगमा पठाएको थियो। यसपछि आयोगले गत ११ फागुनमा उम्मेदवार साहसँग स्पष्टीकरण माग गरेको थियो। सर्वोच्च अदालतले आगामी शुक्रबार धनुषा-१ को निर्वाचन विवादवारे आफ्नो प्रारम्भिक दृष्टिकोण दिने भएको छ।

उम्मेदवारी खारेजीमा परेका धनुषा-१ का रास्वपाका उम्मेदवार किशोरी साह कमलले पेस गरेको रिट निवेदनमाथि आगामी शुक्रबार सुनुवाइ गर्ने आदेश गरेको हो।

दुवै पक्षको छलफलपछि मात्रै अन्तरिम आदेश जारी हुने वा नहुने तय गर्नु उपयुक्त हुने भन्दै सर्वोच्च अदालतले आगामी शुक्रबार दुवै पक्षलाई छलफलका लागि डाकेको छ। तर, त्यो दिन निर्वाचन आयोगले समेत साहको उम्मेदवारी खारेज गर्नुको निर्णय सम्बन्धित फाइल पेस गर्नुपर्नेछ। सर्वोच्च अदालतले त्यही दिन अन्तरिम आदेश जारी हुने वा नहुनेबारे छलफल र आदेश समेत हुने संकेत गरेको छ।

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
**आइडिया**
**डिजाइनर्स/अफसेट प्रेस**
**सम्पर्क:**
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो. ९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com